# फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लक्ष्मीनिया दो, रौतहट                    मधेश प्रदेश नेपाल

**नगर प्रहरी (करारमा सेवामी) पदपूर्ति गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२३ गते**

फतुवा विजयपुर नगरपालिका को स्वीकृत दरवन्दी वमोजिम नगर कार्यपालिकाको मिति २०७९/०८/०१ गते को निर्णय अनुसार देहायको पद संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट १५ (पन्द्र) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन संबन्धित सबैको जानकारीको लागि प्रथम पटक सुचना दरखास्त दर्ताका लागि आव्हान गरिन्छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | खुल्ला | समावेशी समुह | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ.ज. | मधेशी | दलित | |
| ५/२०७९/०८० | नगर प्रहरी सहायक निरीक्षक | ४ | १ | - | - | - | - | १ |
| ६/२०७९/०८० | नगर प्रहरी जवान | १ | ८ | २ | २ | १ | १ | १४ |

१. **दरखास्त फारम दर्ता मितिः** २०८०/०२/२४ गते देखि २०८०/०३/०६ गते, दिउसो ४:०० बजे सम्म ।

२. **दरखास्त फारम प्राप्त तथा बुझाउने स्थानः** फतुवा विजयपुर नगरपालिकाको कार्यालय, लक्ष्मीनिया दो. रौतहट

३. **दरखास्त राजस्व दस्तुर :**

- नगर प्रहरी सहायक निरीक्षक        रु.४००/- (चार सय मात्र)
- नगर प्रहरी जवान पद        रु.३००/- (तिन सय मात्र)

४. **आवश्यक न्युनतम योग्यताहरुः**

| पद | न्युनतम योग्यता |
|---|---|
| **नगर प्रहरी सहायक निरीक्षक** | **१.शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा उच्च माध्यमिक (१०+२) वा प्रविणता प्रमाण-पत्र तह वा सो सरह उतिर्ण गरेको । |
| | २.नैतिक पतन देखिने फौजदारी अभियोग सजाय नपाएको । |
| | ३.राजनैतिक दलका सदस्यता नरहेको । |
| | ४.आतंकारी संगठनको सदस्य नरहेको । |
| | ५.भविष्यमा सरकारी नोकरीको निमित अयोग्य नठहरिने गइ नोकरीबाट बर्खास्त नभएको । |
| | ६.स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण-पत्र भएको । |
| | ७.संबन्धित ईलाका वा वडा प्रहरी कार्यालयवाट जारी भएको चारित्रिक प्रमाण-पत्र । |
| | ८.नेपाली नागरिक । |
| | **९.उमेर :** २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको । |
| | १०.आँखा माईन्स २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । |
| | **११.उचाई, छाती र तौलः** |
| | (क) पुरुषः उचाई घटीमा ५ फिट २ ईन्च, छाति ३१-३३, तौल ५० के.जी.<br>(ख) महिलाः उचाई घटीमा ५ फिट, तौल ४२ के.जी. |
| **नगर प्रहरी जवान** | **१.शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा उतिर्ण गरेको । |
| | २.उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको |
| | ३.अन्य योग्यता माथी उल्लेख भए अनुसार । |

CamScanner

फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लक्ष्मिनिया वो., रौतहट

मधेश प्रदेश नेपाल

**नगर प्रहरी (करारमा सेवामा) पदपूर्ति गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०२/२३ गते**

**५. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :**

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ (एक) प्रति ।

ख) हालसालै खिचेको पुरै मुखाकृत (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति ।

ग) आफुले प्राप्त गरेको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति, नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि. वाट समकक्षता निर्धारणको प्रमाणपत्रको नोटरी पब्लिक फर्म बाट प्रमाणित गरेको पेश गर्नु पर्नेछ ।

घ) आदिवासी र जनजातीका लागि नेपाल आदिवासी र जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी र जनजाती भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि-१ (एक) प्रति । तर, नेपाल आदिवासी र जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनको सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा संबन्धित स्थानीय निकायको वडा वा प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारी वा गाँउपालिका र नगरपालिकाको वडा तहबाट सुचिकृत भएको जाति भित्र थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ङ) दलितका लागि राष्ट्रिय दलित आयोग् बाट दलित प्रमाणित भएको प्रमाण-पत्रको प्रतिलिपि -१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोग् बाट सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा संबन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउपालिका र नगरपालिकाको वडा तहबाट सुचिकृत भएको जाति भित्र थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

च) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि - १ (एक) प्रति ।। तर, नेपाल राजपत्रमा संबन्धित स्थानीय निकायको वडा वा प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारी वा गाँउपालिका र नगरपालिकाको वडा तहबाट सुचिकृत भएको जाति भित्र थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

छ) **दरखास्त** फारमसंग संलग्न राखी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडी पट्टी सकल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयमले अनिवार्य रुपमा दरखास्त पेश गर्नु पर्नेछ।

CS CamScanner

फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लक्ष्मिनिया, रौतहट मधेश प्रदेश नेपाल

**नगर प्रहरी (करारमा सेवामा) पदपूर्ति गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०२/२३ गते**

६. **छनौट विधि:** प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तरबार्ता

७. **कार्यक्षेत्र तथा कामको प्रकृति :** फतुवा विजयपुर नगरपालिका नगर प्रहरी सम्बन्धि कार्यविधि २०७५ मा उल्लेख भए बमोजिमको

८. **सम्पर्क मिति तथा स्थान:** सम्पर्क मिति पछी तोकिने छ ।

९. **स्थानीय वासिन्दा, पुर्व आर्मी ,शस्त्र प्रहरी नेपाल प्रहरी, म्यादी प्रहरी** मा समेत काम गरेको लाई विशेष ग्राहयता दिने छ ।

१०. विज्ञापन रद्द/स्थकित गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको हुने छ ।

**पुनश्च:**

१. हरेक चरणको परिक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सम्मीलित गराइनेछ ।

२. दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा लिई उम्मेदवार स्वयम उपस्थित हुनु पर्नेछ ।

३. यस बिज्ञापन सम्बन्धि थप जानकारीका लागि यस नगरपालिकाको वेवसाइट www.phatuwabijaypurmun.gov.np मा समेत हेर्न सकिनेछ र दरखास्त फारम सोहि वेवसाइटवाट डाउनलोड गरी आवश्यक कागजातहरु स्वयमले प्रमाणित गरेको नक्कल प्रति संलग्न राखी यस कार्यालयमा पेश गर्न सकिने छ ।

२०८०/०२/२३

..............................

शम्भु कुमार यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner